# नेपाल नागरिक उड्डयन प्राधिकरण
# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
# गौचरको
## पुनः शिलवन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७३।०८।११)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको भुई तल्लाको प्रस्थानतर्फ बाहिरपट्टी ९.२२ बर्ग मिटर क्षेत्रफलको सटर कवलमा ईमेल, इन्टरनेट, टेलिफोन, फ्याक्स, फोटोकपि लगायतका संचार सेवाका साथै ट्राभल/टुर्स कार्यको सेवा समेत संचालन गर्नको लागि पुनः ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका र IATA मा दर्ता भै अनुमति प्राप्त ट्राभल एजेन्सीबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको गौचर स्थित राष्ट्रिय बाणिज्य बैक गौचर शाखामा रहेको हि.न. ५८ मा रु.१,०००।- (एक हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रसाथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यबसाय संचालन गर्न प्राप्त इजाजत पत्र, *VAT/PAN* दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, व्यबसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र र IATA बाट प्राप्त अनुमतिपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । सो पेश नगर्ने बोलपत्रदाताको बोलपत्रमाथि कारवाही गरिने छैन ।

३. ठेक्का अवधि ३ (तीन) बर्षको हुनेछ । उक्त ३ बर्ष अवधिको न्युनतम ठेक अंक रु.१५,१५,६००।- (पन्ध्र लाख पन्ध्र हजार छ सय रुपैयाँ) कायम गरिएकोछ । साथै दोस्रो बर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको बर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकको मूल्य बृद्धि सूचकाङ्ग अनुसार थप गरी वहाल रकम बुझाउनु पर्नेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात पत्र डकुमेण्ट्स खरिद गर्नु पूर्व पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम यस कार्यालयको रा.बा.वैंक गौचर शाखामा रहेको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १२० दिन मान्य अवधि भएको बैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु १६ (सोह्र)औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन बिषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएकोछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.org.np र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत उपलव्ध छ ।

१३. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।